प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नम्बरः ५२

मितिः २०८१।०५।१४
ने.सं ११४४ गुँलागा १२ शुक्रवार

विषयः सूचना प्रचार प्रसार सम्बन्धमा ।

धरान उप-महानगरपालिका
दर्ता नं. १६८०
मिति २०८१।०५।१६

श्री शिक्षा विकास तथा समन्वय ईकाइ (सबै)
कोशी प्रदेश ।

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. २२१ मिति २०८१/०५/०६ गतेको पत्रानुसार संविधान दिवसको अवसरमा "नेपालको संविधान र संघीयता कार्यान्वयनमा प्रदेशको भूमिका" विषयमा निबन्ध प्रतियोगिता गर्ने भएको हुँदा कक्षा ९ देखि स्नातक तह सम्मका विद्यालयहरुका विद्यार्थीहरुबाट लेखिएको निवन्ध मिति २०८१ भाद्र २५ गतेभित्र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर वा इमेल ठेगाना info.moial@koshi.gov.np मा आइपुग्ने गरी पठाउने व्यवस्थाका लागि सूचना प्रचार प्रसार गरिदिनुहुन आन्तरिक मामिला तथा कानून मन्त्रालयको निबन्ध प्रतियोगिता सम्बन्धी सूचना पाना थान १ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

गोपालप्रसाद दाहाल
उप-सचिव (शिक्षा)

बोधार्थः
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,

श्री प्रमाणिक / शिक्षा

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. : २०८१/०८२
च.नं. :

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून म
कोशी प्रदेश
विराटनगर, नेपाल

मितिः२०८१।०५।०६
११४४ गुँलागा ३ बिहिवार

## विषयः निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।

नेपालको संविधान जारी भएको दिन असोज ३ गते मनाइने संविधान दिवसको अवसरमा यस वर्ष तपशिल बमोजिमको निबन्ध प्रतियोगिता गर्ने कार्यक्रम तय भएको हुँदा उक्त प्रतियोगितामा भाग लिन चाहने इच्छुक विद्यार्थीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

१. निबन्धको विषय :- **"नेपालको संविधान र संघीयता कार्यान्वयनमा प्रदेशको भूमिका"**
२. निबन्ध बढीमा एक हजार शब्दको हुनुपर्नेछ ।
३. निबन्ध स्पष्ट बुझिने गरी नेपाली भाषामा लेखिएको हुनुपर्नेछ (हस्तलिखित वा टाइप दुवैलाई मान्यता दिइनेछ)।
४. रचना मौलिक हुनुपर्नेछ। रचना मौलिक हो भन्ने कुरा अनिवार्य रुपमा विद्यालय/कलेजले प्रमाणित गरी पठाउनु पर्नेछ।
५. निबन्ध यही मिति २०८१ भाद्र २५ गतेभित्र मन्त्रालयको पत्रचार ठेगानः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर वा इमेल ठेगानाः info.moial@koshi.gov.np मा आइपुग्ने गरी पठाउनु पर्नेछ (भाद्र २५ गते पछि आएको निबन्धलाई प्रतियोगितामा समावेश गराइने छैन) ।
६. निबन्ध प्रतियोगितामा कक्षा ९ देखि स्नातक तहसम्म अध्ययन गरिरहेका विद्यार्थीहरूले भाग लिन सक्नेछन।
७. निबन्ध प्रतियोगितामा उत्कृष्ट निबन्धहरूलाई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार दिइनेछ। निबन्ध पछि जर्नलमा समेत प्रकाशन गरिनेछ ।

नोटः थप जानकारीको लागि यस मन्त्रालयका अधिकृत आठौं श्री सदानन्द भट्टराई (मो.नं. ९८४१५९४९९३) संग सम्पर्क राख्न सकिनेछ ।